## ‘जनता’मा हिंडेको...

पूर्वराजा शाहले आफूले जनताको भलोका लागि राजगद्दी र सुखसुविधा त्यागेको भन्दै त्यसलाई कमजोरी नठान्न चुनौती दिएका थिए । भिडियो वक्तव्यको अन्तिममा पूर्वराजाको सन्देश थियो, अब राष्ट्र जोगाउन मलाई साथ दिनुहोस् । त्यो समय आएको पनि उनको जिकिर थियो । ‘हामीले पहिले पनि राष्ट्रिय समस्या सुल्झियोस् भनेर त्याग गरेका हौं । अब नेपालको उन्नतिका लागि हामीबाट अरू के–के त्याग गर्नुपर्ने हो हामी तयार छौं,’ उनले भनेका थिए, ‘अब समय आयो, राष्ट्र जोगाउने हो भने, राष्ट्रिय एकता कायम राख्ने हो भने, देशको समृद्धि र उन्नतिका लागि हामीलाई साथ दिन सबै देशबासीलाई आह्वान गर्दछौं ।’

### के भयो माओवादी बैठकमा ?

गत फागुन १२ गतेदेखि जनतासँग माओवादी तराई–मधेस जागरण अभियान सञ्चालन गरिरहेको माओवादी केन्द्रले अभियानको दौरान पहिलो पटक अध्यक्ष प्रचण्ड निवास खुमलटारमा पदाधिकारी बैठक राखेको थियो । बैठकमा उपाध्यक्ष कृष्णबहादुर महरा, उपमहासचिव मातृका यादव, उपमहासचिव गिरिराजमणि पोखरेल र सचिवहरू दीनानाथ शर्मा, गणेश शाह, राम कार्कीलगायत अनुपस्थित थिए । उपमहासचिव शक्ति बस्नेत पनि बुबाको निधन भएका कारण बैठकमा अनुपस्थित थिए । बैठकमा पूर्वराजाको सक्रियताको विषयले चर्चा पाएको छ । सो विषय चर्चामा मात्रै सीमित छैन । यसलाई माओवादी केन्द्रले एजेन्डा बनाउनुपर्ने विषय पनि बैठकमा उठेको छ । पूर्वराजाको सक्रियतालाई ध्यानमा राख्दै पार्टीको अभियानलाई पनि उनको विरोधमा जनमत सिर्जना गर्न सकिने गरी लानुपर्नेमा नेताहरूको जोड छ ।

## असफल सावित...

रोड सेफ्टी अलायन्सका अभियन्ता गोविन्द भट्टराईले २ जनाले हेलमेट लगाएर मात्रै सडक सुरक्षा पूर्ण नहुने बताए । उनले भने, ‘सडक सुरक्षासँग सम्बन्धित थुप्रै विषय छन् । ती सबै विषयमा व्यापक बहस हुनु जरुरी छ । सरकारले साँच्चिकै सडक सुरक्षा चाहेको हो भने आधारभूत तहदेखि नै ठुलो परिवर्तन गर्नुपर्छ ।’ भट्टराईले सडक सुरक्षाका लागि मोटरसाइकलको व्यवस्थापन तथा यसबाट हुने घटना कम गर्न पनि एउटा मुख्य काम भएको बताए ।

उनले भने, ‘नेपालमा कुल सवारीसाधनमध्ये करिब ८० प्रतिशत हिस्सा मोटरसाइकलको छ । आमनागरिकको यातायातको प्रमुख साधन तथा यसको प्रयोग व्यापक बढ्दै जाँदा मोटरसाइकल पछाडि बस्ने मानिसले पनि हेलमेट लगाउनुपर्ने व्यवस्था बन्नु एकदमै स्वागतयोग्य विषय हो । यसले हजारौं युवालाई सुरक्षित बनाउन सक्छ, दुर्घटना भइसकेपछि लाग्ने अर्बौं रुपैयाँ जोगाउन सकिन्छ ।’ भट्टराईले यो आफैंमा राम्रो काम भए पनि सँगै अन्य सडक सुरक्षाका काम पनि गर्नुपर्नेमा जोड दिए । उनले भने, ‘डबल हेलमेट घोषणा गरेर अन्य सम्बन्धित विषयमा चासो नदिने हो भने यो व्यवस्थाले गुणात्मक सुधार हुन सक्दैन ।’

उनका अनुसार सडक सुरक्षाका लागि गर्नुपर्ने पहिलो काम सडक सुरक्षा व्यवस्थापन (रोड सेफ्टी म्यानेजमेन्ट) हो । यसअन्तर्गत नीतिगत र बजेटरी काम पर्छन् । दोस्रोमा सडकलाई सुरक्षित बनाउने हो । यसअन्तर्गत सडक निर्माण गर्दा टेन्डर आह्वानमा घटीको व्यवस्था हटाएर गुणस्तरमा ध्यान दिनु जरुरी छ । सिस्टममा सुधार गरेर सडकको गुणस्तरमा ध्यान नदिएसम्म सडक सुरक्षा प्रभावकारी हुन सक्दैन । सडक सुधार गर्न नसक्ने खाली हेलमेट मात्र डबल गर्ने हो भने निरर्थक हुने उनको बुझाइ छ ।

उनले तेस्रो कामअन्तर्गत मोटरसाइकलको वर्गीकरण गर्नुपर्ने बताए । हाल नेपालमा जुनसुकै मोटरसाइकल जुनसुकै काममा प्रयोग भएको भन्दै उनले भने, ‘यसलाई विशेषता, क्षमताअनुसार काम र प्रयोग पनि वर्गीकरण गरिदिनुपर्छ । मोटरसाइकलको उचाइ, चौडाइ, टायर तथा लाइट, कति लोड बोक्ने के काममा प्रयोग गर्ने भन्ने विषयको वर्गीकरण नगरी डबल हेलमेटमात्र बनाएर सडक सुरक्षा प्रभावकारी हुन सक्दैन ।’

हेलमेटको गुणस्तरमा पनि सरकारले विशेष ध्यान दिनुपर्ने बताउँदै उनले भने, ‘अहिलेसम्म जति दुर्घटना भएका छन्, त्यसमा प्रयोग भएका अधिकांश हेलमेटले काम गरेको देखिँदैन ।’ विश्व स्वास्थ संगठनका अनुसार हेलमेटको न्यूनतम गुणस्तर २२ दशमलव ५ इसिइ हो । हेलमेटको आफ्नै गुणस्तर बनाउने वा छिमेकी देशहरूको मान्ने अथवा विश्व स्वाथ्य संगठनको मान्ने भन्ने कुरामा प्रष्ट हुनुपर्नेमा उनको जोड छ ।

यता, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको पूर्वाधार निर्माण तथा यातायात महाशाखा प्रमुख सहसचिव कृष्णराज पन्थले मोटरसाइकल वा स्कुटरको पछाडि बस्ने यात्रुले पनि अनिवार्य हेलमेट लगाउनुपर्ने व्यवस्था गर्ने विषयमा बहसमात्र भइरहको र मन्त्रालयले सुझाव संकलन गरिरहेको बताए । उनले भने, ‘यो विषय बहसमा गएको छ, निष्कर्ष आउन बाँकी नै छ ।’ उनले नागरिकको सुरक्षा प्रमुख विषय भएकाले मन्त्रालयले यो विषय बहसमा ल्याएको बताए ।

### सधैं आर्थिक चलखेलको शंका

‘डबल हेलमेट’ नीति कार्यान्वयन गर्न अधिकारकर्मी र विश्व स्वास्थ्य संगठनले जोड दिए पनि हेलमेट व्यापारबाट हुने आर्थिक चलखेलको सवाल जोडतोडले उठ्ने गरेको छ । यसबारे विगतमा पनि चर्को विरोध भएकै कारण कार्यान्वयन हुन नसकेको हो । हेलमेटको व्यापार गर्ने नीति निर्माता तथा माथिल्लो तहका व्यक्तिसँग लेनदेन भएको आंशका गरिए पनि हालसम्म कहीँकतै पुष्टि हुन भने सकेको छैन । यस विषयमा अभियन्ता गोविन्द भट्टराई हेलमेटको गुणस्तर र मूल्यमा पनि सरकारले स्पष्ट कानुन बनाएर कडाइका साथ कार्यान्वयन गरे राम्रो हुने बताउँछन । उनले भने, ‘सरकारले झारा टार्ने गरी यो व्यवस्था ल्याउनु हुँदैन, नागरिकले पनि हलुका हिसाबले लिनुहुँदैन । तर्क अनेक आए पनि तथ्यमा गएर काम गर्ने हो भने वर्षमा हजारौं युवाको ज्यान जोगाउन सकिन्छ । दर्जनौं अध्ययनले भनेका छन्– गुणस्तरीय हेलमेट भए मोटरसाइकल दुर्घटनामा परेकामध्ये ७० प्रतिशतको ज्यान जोगाउन सकिन्छ ।’

### सार्वजनिक यातायात सुधार जरूरी

२ पांग्रे सवारीसाधन कम गर्ने उत्तम विकल्प सार्वजनिक यातायातको सुधार भएको भट्टराईले बताए । उनले भने, ‘मोटरसाइकल तथा हेलमेटको समस्या हामीले बनाएको कृत्रिम समस्या हो । यसबाट बाहिर निस्किन सरकारले सार्वजनिक यातायातको सुधारमा ध्यान दिनुपर्छ । ३ तहकै सरकारले सार्वजनिक यातायातको सुधारमा लगानी गर्नु जरुरी छ ।’

## ओली-बालेन...

गुरागाईंको विषयमा महानगरले छानबिन प्रतिवेदन तयार गर्न ढिलाइ गरेकाले गुरागाईंलाई हटाएर अर्को प्रशासकीय अधिकृत पठाउन मन्त्रालयलाई अप्ठ्यारो भएको उनी बताउँछन् ।

मेयर बालेनले गत पुस २४ गते नै नयाँ हाकिम पठाइदिन सरकारलाई पत्र लेखेका थिए । तर, गुरागाईंको विषयमा कुनै निर्णय हुन नसक्दा मन्त्रालयले नयाँ हाकिम पठाएको छैन । साथै, प्रधानमन्त्री केपी शर्मा ओलीसँग जोरी खेलेको रिस सरकारले महानगरमा हाकिमविहीन बनाएर फेरिरहेको छ । यदि सरकारले चाहने हो भने यो अवस्थामा पनि महानगरलाई हाकिम पठाउन सक्ने बताइन्छ । तर, सरकार गुरागाईंको बारेमा हुन नसकेको छानबिनको प्रतिवेदनको अड्को थापेर बसेको छ ।

### बालेन आएपछि फेरिए ४ जना हाकिम

महानगरमा बालेन आउनुअघि प्रशासकीय अधिकृतमा लोकनाथ पौडेल थिए । तर, बालेन आएको ९० दिनपछि उनको सरुवा भएपछि १७ भदौ, २०७९ मा वसन्त अधिकारी नयाँ हाकिमका रूपमा प्रवेश गरे । तर, कार्यपालिकाको निर्णयमा हेरफेर गरेको भन्दै करिब १४ महिनापछि महानगरले उनलाई हटायो । त्यसपछि ५ माघ, २०८० मा प्रदीप परियार महानगरको नयाँ हाकिम बने । तर, करिब ७ महिना काम गरेर मेयर बालेनसँग ‘ट्युनिङ’ बसालेका परियारलाई एकाएक २६ भदौ, २०८१ मा सरकारले सरुवा गरिदियो । त्यसपछि ७ असोज, २०८१ मा सरोज गुरागाईं महानगरको हाकिम बनेका थिए । तर, काठमाडौं भ्युटावरको तला थप्न गुरागाईंले आर्थिक लाभ लिएर स्वीकृति दिएको भन्दै महानगरले गत पुस ५ गते गुरागाईंलाई कारबाही सिफारिस गर्दै उनको कार्यकक्षमै ताला लगाइदियो । गुरागाईं बाध्य भएर पुस ८ गतेदेखि बिदा बसे ।

### भ्रमको खेती नगर्न सरकारलाई बालेनको चुनौती

सोमबार सामाजिक सञ्जाल फेसबुकमार्फत् मेयर बालेनले सरकारले भ्रमको खती गरेको आरोप लगाए । विभिन्न ६ बुँदा उल्लेख गर्दै उनले ‘भ्रमको खेतीमा पिएचडी पाउन मिल्ने हो भने अहिलेको सरकारलाई दिए हुन्छ’ भनेर सरकारको आलोचना गरे । भ्युटावरको नक्सा पास आफूले दिएको आरोपको खण्डन गर्दै उनले नक्सा पास गर्ने काम मेयरको नभएको बताएका छन् । ‘कहिलेदेखि नक्सा पास मेयरले गर्न थाले ? सामान्य कानुनको ज्ञान राख्नेले पनि भन्न सक्छ कि यसको अधिकार मेयरसँग हुँदैन ।’

साथै, मेयर बालेनले आफूले २ कार्यकारी प्रमुखलाई भ्रष्टाचारसँग जोडिएका कारण हटाएको स्पष्ट पार्दै महानगरमा हाकिम टिक्दैनन् भनेर भ्रम फैलाइएकोमा आपत्ति जनाएका छन् । ‘अहिलेसम्मको हाम्रो कार्यकालमा ४ जना कार्यकारी हटेका छन् । ४ मध्ये २ लाई हटाउनुको कारण उनीहरू भ्रष्टाचारमा संलग्न रहेको भनेर हो । के कार्यकारी टिक्छन् भन्ने देखाउन हामीले भ्रष्टहरूलाई संरक्षण गरिराख्नुपर्ने हो ?,’ बालेनले भनेका छन्, ‘२ जनालाई सरकारले हटाएको हो, त्यो पनि महानगरलाई जानकारीसमेत नदिई ।’

त्यस्तै उनले अन्तिममा प्रधानमन्त्री ओलीको आफू दुश्मन नरहेको बरु विकासको साझेदार रहेको बताएका छन् । ‘हामी तपाईंका दुश्मन होइनौं, विकासका साझेदार हौं । हामीले गरे जति विकासका सबै काम पनि तपाईंकै कार्यकालमा भएका हुन् भनिदिउँला,’ बालेनले प्रधानमन्त्रीलाई सम्बोधन गर्दै लेखेका छन्, ‘त्यसो भन्दा पत्याउने बनाउन आग्रह–पूर्वाग्रहबाट मुक्त भएर विकासमा साझेदारी गरी त्यो दाबी गर्न सक्ने ल्याकत बनाउने जिम्मा तपाईंकै हो ।’

अन्तमा उनले प्रधानमन्त्रीप्रति नै लक्षित गर्दै आफू भ्रमको खेतीसँग नडराउने र सुशासनका लागि जोसँग जुध्न पनि तयार भएको टिप्पणी गरेका छन् । ‘जति भ्रम फैलाए पनि, हामी तपाईंको भ्रष्ट कार्यकर्तासँग झुक्दैनौं । महानगरलाई जतिसुकै नाकाबन्दी लगाउनुहोस्, नियतमा फरक पर्दैन । सुशासनका लागि जोसँग जुध्नुपरे तयार छु, तर सम्झौता गर्दिनँ । सुशासन कायम गरेरै छोड्छु,’ उनले भनेका छन् ।

### छानबिन प्रतिवेदनबारे जानकारी दिन मन्त्रालयको पत्राचार

सामान्य प्रशासन मन्त्रालयले काठमाडौं भ्युटावरको नक्सा पास प्रकरणमा तानिएका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंमाथिको छानबिनबारे खुलाएर पठाउन महानगरलाई पत्राचार गरेको छ । मन्त्रालयले लेखेको पत्रमा भनिएको छ, ‘महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतमाथि भइरहेको छानबिन कार्यको स्थितिबारे स्पष्ट खुलाई पठाइदिनुहुन मिति २०८१/११/१५ को निर्णयानुसार अनुरोध छ ।’

गुरागाईंबारे छानबिन गर्न महानगरले प्रमुखस्तरीय निर्णयबाट गत पुसमा शेखरप्रसाद पौडेलको संयोजकत्वमा समिति गठन गरेको थियो । उक्त समितिलाई महानगर र भ्युटावरका ठेकेदारबीचको सम्झौताअनुसार नक्सा पास सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेस गर्न भनिएको थियो । १५ दिनको समय पाएको समितिका संयोजक पौडेलले कानुनी सल्लाहकारबाटै राजीनामा दिए । त्यसपछि महानगरले पूर्वसचिव शंकर पाण्डेको संयोजकत्वमा अर्को समिति बनाएको थियो । १ महिनाको समय पाएको उक्त समितिको समयावधि गुज्रिएर थप गरिएको समय पनि सकिइसकेको छ । तर, समितिले अहिलेसम्म प्रतिवेदन नबुझाएको मेयर बालेनले नै उल्लेख गरेका छन् ।

# हमासबाट युद्धविराम प्रस्ताव अस्वीकार

■ एजेन्सी

गाजा । अमेरिकी प्रस्तावमा इजरायलले अनुमोदन गरेको युद्धविराम ६ हप्ता थप्ने निर्णय हमासले अस्वीकार गरेको छ । अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पका मध्यपूर्वका लागि राजदूत स्टिभ विटकफले तयार पारेको प्रस्तावअनुसार इजरायली सरकारले रमजानका लागि भन्दै युद्धविरामको अवधि ६ हप्ता थप गरिएको बताएको थियो ।

हमासले अगाडि बढ्ने एक मात्र बाटो वार्ता पूरा गर्नु र सम्झौताअनुसार युद्धविरामको दोस्रो चरण लागू गर्नु भएको तर्क गर्दै त्यसलाई अस्वीकार गरेको बिबिसीले जनाएको छ ।

हमास र इजरायलबीच भएको सम्झौताअनुसार १९ जनवरीदेखि लागू युद्धविरामको पहिलो चरण शनिबार रातिबाट सकिएको छ । यस अवधिमा हमासले २५ जना जीवित र ८ जनाको शव इजरायललाई फिर्ता गरेको छ । बदलामा इजरायलले १ हजार ९०० प्यालेस्टिनी कैदीबन्दी रिहा गरेको छ । पहिलो चरणको युद्धविराम लम्ब्याउने प्रस्ताव हमासले अस्वीकार गरेपछि इजरायलले गाजामा कुनै पनि मानवीय सहायता सामग्री प्रवेशमा प्रतिबन्ध लगाएको छ ।


Government of Nepal
Ministry of Urban Development
Department of Urban Development And Building Construction

**Federal Urban Development And Building Construction Office**
Birendranagar, Surkhet

**INVITATION FOR BIDS (IFB)**

Notice No: FUDBCO/Surkhet/Work/NCB/11/081/82
First date of publication: - 04 March 2025 (2081/11/20)

1. Federal Urban Development And Building Construction Office Birendranagar Surkhet invites electronic bids from eligible bidders for the Construction of the works under National Competitive Bidding - procedures, mentioned in the table below.

| S.N. | Contract No. | Description of Work | Estimated Amount (without VAT) | Bid Validity/ Bid Bond Validity Period | Average Annual Construction Turnover Amount (NRs.) | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | FUDBCO/ Surkhet/Works/ NCB/47/081/82 | Upgrading of Road and Drain from Naulo Tol -Airport Road at Birendranagar Municipality ward no 12 Surkhet | 85,45,768.81 | 90 days/120 days from the date of Bid opening | - | 2,55,000.00 | 3,000.00 |
| 2 | FUDBCO/ Surkhet/Works/ NCB/48/081/82 | Integrated Infrastructure Development work at Thatikadh Rural Municipality ward no 1 Dailekh | 85,76,290.38 | 90 days/120 days from the date of Bid opening | - | 2,55,000.00 | 3,000.00 |
| 3 | FUDBCO/ Surkhet/Works/ NCB/49/081/82 | Construction of Package Two at Birendranagar Municipality Ward no 1 Surkhet | - | 90 days/120 days from the date of Bid opening | 5,13,00,000.00 | 10,25,000.00 | 5,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of FUDBCO Surkhet (telephone: 083-520268) during office hours or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.s

Office Chief



**Gauradaha Municipality**
Office of the Municipal Executive
Gauradaha, Jhapa
Koshi Province, Nepal

**Re-Invitation for Electronic Bids**

Date of publication: 4th March 2025 (20th Falgun 2081)

1. The Gauradaha Municipality re-invites electronic bids for all the Nepalese eligible bidders for the following construction/goods under NCB Bidding procedures:-

| Contract No. | Description of Works | Minimum bid security amount | Estimated Amount (with VAT and PS.) | Bid documents fee | Bid submission / open Date | Procurement type/ method/bid validity |
|---|---|---|---|---|---|---|
| GMO/W/NCB/ AGRO/01/081-082 | SUPPLY AND FITTING OF MOTOR BORING UNDER PROGRAM VIZ. SHALLOW TUBE WELL AND MOTOR FITTING, SMALL IRRIGATION WORKS, GAURADAHA, JHAPA | Nrs.1,20,000 | Nrs.44,54,774.69 | Nrs.3000 | 12:00 hrs of 19th March 2025 (6th Chaitra 2081);14:00 hrs of of 19th March 2025 (6th Chaitra 2081) | Works/NCB /Bid validity period 90days/ Bid bond should be valid 30 days beyond bid validity. |
| GMO/ NCB/G/5/081-082 | “SUPPLY OF ESSENTIAL LAB CHEMICAL-I (AGAPE)” | NRs. 55,000 | N/A | Nrs.3000 | | Goods/NCB /Bid validity period 90days/ Bid bond should be valid 30 days beyond bid validity. |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gauradaha Municipality, Technical Section, Jhapa, Telephone No: 023-597006/9842147978 within office hours. The bidders may visit the E-Procurement Section of PPMO's Web Site http://www.bolpatra.gov.np/epg.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

CHIEF ADMINISTRATIVE OFFICER.